आज मिति २०८१ साल फाल्गुण महिनाको ०५ गते विहान ८.०० वजे यस म्याग्दे गाउँपालिका तनहुँको गाउँ कार्यपालिकाको १७१ औं नियमित वैठक ( दोश्रो पदाधिकारीको पैचालीसौं वैठक ) गाउँपालिकाका अध्यक्ष श्री श्रीप्रसाद श्रेष्ठ ज्यु को अध्यक्षतामा वसी निम्न उपस्थितिमा तपशिल वमोजिमको निर्णय गरियो ।

**तपशिल**

१ अध्यक्ष श्री श्रीप्रसाद श्रेष्ठ

२ उपाध्यक्ष श्री वालकृष्ण घिमिरे

३ वडा न. १ वडा अध्यक्ष श्री मणि भद्र वाग्ले

४ वडा न. २ का वडा अध्यक्ष श्री शिव वहादुर क्षेत्रि

५ वडा न. ३ का वडा अध्यक्ष श्री टुक राज अधिकारी

६ वडा न. ४ का वडा अध्यक्ष श्री दिपक कुमार श्रेष्ठ

७ वडा न. ५ का वडा अध्यक्ष श्री शिव वहादुर आले

८ वडा न. ६ का वडा अध्यक्ष श्री हिरा लाल गुरुङ्ग

९ वडा न. ७ का वडा अध्यक्ष श्री वसन्त कुमार श्रेष्ठ

१० महिला सदस्य श्री वद्रिका भट्टराई घिमिरे

११ महिला सदस्य श्री चिनिमाया थापा

१२ महिला सदस्य श्री जानकी थापा

१३ महिला सदस्य श्री सिता कुमाल

१४ अल्पसंख्यक वा दलित सदस्य श्री होम वहादुर नेपाली

१५ दलीत सदस्य श्री थम माया कामी

१६ सदस्य सचिव श्री नारायण प्रसाद अधिकारी

**म्याग्दे गाउँकार्यपालिकाको १७१ औ वैठक (२०८१।११।०५) का प्रस्तावीत ५३ ऐजेण्डाहरु**

०१, उत्पादनमा आधारित अनुदान कार्यक्रमको मोडालिटी तथा सूचना प्रकाशन सम्वन्धमा ।
०२, घाट ठेक्का (तेश्रो पटक) सूचना अनुमोदन सम्वन्धमा ।
०३, कर्मचारी करार सूचना तथा पदपुर्ति सम्वन्धमा ।
०४, मगर दिवशमा सार्वजनीक विदा दिने सम्वन्धमा ।
०५, राजश्व परामर्श समितिको सिफारिस कार्यन्वयन सम्वन्धमा ।
०६, अख्तियार दुरुपयोग अनुसन्धान आयोगका निर्देशन जानकारी तथा कार्यान्वयन सम्वन्धमा ।
०७, निजी जग्गा उत्खनन् व्यवस्थापन अनुमती तथा राजश्व संकलन सम्वन्धमा ।
०८, कृषि एम्वुलेन्स सवारीचालक व्यवस्थापन सम्वन्धमा ।
०९, खानी सञ्चालन अनुमती सम्वन्धमा ।
१०, विभिन्न कार्यविधि स्वीकृत सम्वन्धमा ।
११, विभिन्न ठेक्का सूचना प्रकाशन सम्वन्धमा ।
१२, दुधमा अनुदान निकाशा सम्वन्धमा ।
१३, पदाधिकारी तालिम तथा क्षमता विकाश कार्यक्रम सम्वन्धमा ।
१४, स्वास्थ्य तर्फ अस्थाई कर्मचारी प्रदेश लोकसेवा आयोग सग माग गर्ने सम्वन्धमा ।
१५, सुर्य नेपाल मार्फत कृषि एम्वुलेन्स हस्तान्तरण र कोल्ड स्टोर्श उद्घाटन कार्यक्रम सम्वन्धमा ।
१६, शुक्लागण्डकी नगरपालिका सग भएको सम्झौता अनुमोदन तथा रकम निकाशा माग सम्वन्धमा ।
१७, ठेक्का नलागेका घाटहरुको डाक विकी तथा अमानत विकी खुल्ला गर्ने सम्वन्धमा ।
१८, पशुसेवा उपशाखा हुदै आर्थिक विकास समिति वाट भएको सिफारिस कार्यान्वयन गर्ने सम्वन्धमा ।
१९, अनौपचारीक क्षेत्र सामाजिक सुरक्षा कोष मजदुर सञ्चितकोष कार्यन्वयन तथा तालिम सम्वन्धमा ।
२०, स्थापना दिवशमा प्रमुख अतिथि आमन्त्रण सम्वन्धमा ।
२१, घट्ना दर्ता पुन डिजिटलाईज गर्ने सम्वन्धमा ।
२२, लिलाम विकी अर्न्तगत वाकी रकम दाखीला र सम्झौता सम्वन्धमा ।
२३, सडकवोर्डको ३० प्रतिसत पेश्की रकम निकाशा माग सम्वन्धमा ।
२४, वर्च्याङ्ग पर्यटन प्रर्वद्धन कार्यक्रम अनुगमन तथा रकम भुक्तानी सम्वन्धमा ।
२५, थर्पु अस्पताल सञ्चालक समिति लाई अनुदान रकम निकाशा सम्वन्धमा ।
२६, फोहोरमैला व्यवस्थापन , प्रविधि खरिद, प्रविधियुक्त विउ उत्पादन केन्द्र को सामाग्री खरिद लगाएत दैनिक ज्यालादारी करार सम्वन्धमा ।
२७, नेपाल विधुत प्राधिकरणमा रकम माग, डेलीगेशन तथा विधुत क्षमता विकास सम्वन्धमा ।
२८, कोल्डस्टोर्श च्याम्वर भाडामा दिने सम्वन्धमा ।
२९, म्याद समाप्त भएका टोल विकाश सस्था पुनरगठन सम्वन्धमा ।
३०, निजी जग्गाको आई. ई.ई. शैद्धान्तीक सहमती सम्वन्धमा ।
३१, डि.पि.आर. र आई ई ई को प्रारम्भीक प्रतिवेदन उपर छलफल सम्वन्धमा ।
३२, शिक्षा तर्फ शर्शत वजेट कार्यन्वयन सम्वन्धमा ।
३३, दोश्रो चौमासिक सार्वजनीक सूनुवाई सम्वन्धमा ।
३४, विभिन्न कार्यक्रम तथा योजना स्वीकृत सम्वन्धमा ।

Scanned with CamScanner

३५, सवारीभाडा सम्झौता सम्वन्धमा ।
३६, लागत अनुमान स्वीकृत सम्वन्धमा ।
३७, स्यानीटरी प्याड खरिद सम्वन्धमा ।
३८, समपुरक तथा विशेष अनुदान योजना स्वीकृत सम्वन्धमा ।
३९, भेटनरी अस्पताल आयोजना माग सम्वन्धमा ।
४०, स्वयम सेवक निरन्तरता सम्वन्धमा ।
४१, दोश्रो पटक पुन सूचना प्रकाशन गर्ने सम्वन्धमा ।
४२, उद्योग वाणिज्य संघ सगको प्रशिक्षण कार्यक्रम सम्वन्धमा ।
४३, लिजा मुल्याङ्कन सम्वन्धमा ।
४४, कानुन निर्माण सुविधा सम्वन्धमा ।
४५, कोटेशन वाट निर्माण कार्य अगाडी वढाउने सम्वन्धमा ।
४६, घाट ठेक्का विवाद समाधान छलफल सम्वन्धमा ।
४७, थर्पु अस्पतालको रकम निकाशा माग सम्वन्धमा ।
४८, तोकआदेश तथा टिप्पणी स्वीकृत सम्वन्धमा ।
४९, प्रविधियुक्त विउ उत्पादनकेन्द्रको प्रविधि खरिदको लागी लागत अनुमान स्वीकृत सम्वन्धमा ।
५०, गै.स.स. सग साझेदारी कार्यक्रम सम्वन्धमा ।
५१, योजना फरफारक सम्वन्धमा ।
५२, अघिल्लो निर्णय कार्यान्वयन समिक्षा सम्वन्धमा ।
५३, विविध विषय सम्वन्धमा ।

Scanned with CamScanner

**मिति २०८१।११।०५ को १७१ औ गाउँकार्यपालिका वैठकका निर्णयहरु**
**निर्णय न. १७१/२०८१।०८२- ०१,**

म्याग्दे गाउँपालिका वाट चालु आर्थिक वर्ष ०८१।०८२ को लागी स्वीकृत वजेट सि.न.६९ लोक प्रिय तथा उत्पादनमा आधारित अनुदान कार्यक्रम तर्फ रु ३० लाख/ र सि.न. २७० दुधालु गाई खरिद अनुदान लागत साझेदारी रु ५ लाख गरी जम्मा रु ३५ लाख वजेट विनियोजन भए वमोजिम उत्पादनमुलक/रोजगारमुलक व्यवसायीक योजनामा आधारित लागत साझेदारी अनुदान कार्यक्रम अर्न्तगतका तपशिल वमोजिमका कार्यक्रमहरु कार्यन्वयन गर्नेगरी इच्छुक १८ देखी ५९ वर्ष उमेर समुहका उत्पादन गरिरहेका व्यवसायीक व्यक्तीहरु / तथा उत्पादनमुलक रोजगारमुलक व्यवसायीक योजना वनायका अर्ध वेरोजगार/वेरोजगार र वैदेशीक रोजगार वाट फर्केका यस गाउँपालिकामा स्थाई वसोवास गर्ने युवाहरु लाई लक्षीत गरी समुह क, ख, ग, र घ गरि ४ वटा कार्यक्रममा २७ जना लाभग्राही छनौट गर्नेगरि १५ दिने सुचना प्रकाशन गर्ने निर्णय गरियो ।

**तपशिल**

| **सि.न** | **उत्पादनमुलक / रोजगारमुलक व्यवसायीक योजनामा आधारित लागत साझेदारी अनुदान कार्यक्रम विवरण** | **छनौट गरिने लक्षीत समुह सख्या** | **५०%अनुदान अधिक्तम रु** | **जम्मा स्वीकृत रकम रु** | **व्यवसायको प्रकृर्ति तथा वर्गिकरण** |
|---|---|---|---|---|---|
| ०१ | **समुह (क) ठुला व्यवसाय तर्फ** /कृषि, पशु, पर्यटन, उद्यम लगाएतका क्षेत्रहरुमा क्षेत्रगत पुर्वाधार निर्माण/ आय आर्जनको लागी पशुधन खरिद/ प्रविधि खरिद/ र आय आर्जन र रोजगार मुलक कार्यक्रममा ५० प्रतिसत लागत साझेदारी | २ | जनही पाच लाख | दश लाख | कुल पुजी ५० लाख वा सो भन्दा वढी लगानी भएको र आफु सहित कर्मीमा ३ जना लाई रोजगारी दिएको |
| ०२ | **समुह (ख) मझौला व्यवसाय तर्फ** /कृषि, पशु, पर्यटन, उद्यम लगाएतका क्षेत्रहरुमा क्षेत्रगत पुर्वाधार निर्माण/ आय आर्जनको लागी पशुधन खरिद/ प्रविधि खरिद/ र आय आर्जन र | ६ | जनही दुई लाख | वाह्र लाख | कुल पुजी २० लाख वा सो भन्दा वढी लगानी भएको र आफु सहित कर्मीमा २ जना लाई रोजगारी दिएको तथा |

Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| | रोजगार मुलक कार्यक्रममा ५० प्रतिसत लागत साझेदारी | | | | दिने |
| ०३ | **समुह (ग) साना व्यवसाय तर्फ** / कृषि, पशु, पर्यटन, उद्यम लगाएतका क्षेत्रहरुमा क्षेत्रगत पुर्वाधार निर्माण/ आय आर्जनको लागी पशुधन खरिद/ प्रविधि खरिद/ र आय आर्जन र रोजगार मुलक कार्यक्रममा ५० प्रतिसत लागत साझेदारी | ७ | जनही एक लाख | सात लाख | कुल पुजी १० लाख वा सो भन्दा वढी लगानी भएको र कम्तीमा आफु सहित १ जना लाई रोजगारी दिएको तथा दिने |
| ०४ | **समुह (घ) स्वरोजगार तर्फ** / कृषि, पशु, पर्यटन, उद्यम लगाएतका क्षेत्रहरुमा क्षेत्रगत पुर्वाधार निर्माण/ आय आर्जनको लागी पशुधन खरिद प्रविधि खरिद/ र आय आर्जन र रोजगार मुलक कार्यक्रममा ५० प्रतिसत लागत साझेदारी | १२ | जनही पचास हजार | छ लाख | कुल पुजी २ लाख भन्दा वढी लगानी भएको र आफु स्वरोजगार भएको तथा हुने |

**( क) निवेदन साथ माग गर्ने कागजात विवरणहरु यस प्रकार रहेको छ ।**

१. संक्षिप्त व्यवसायीक कार्ययोजना सहित आर्थिक र प्राविधिक प्रस्ताव
२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
३. गर्न चाहेको पेशा व्यवसाय सम्वन्धीत निकाय तथा गा.पा.मा दर्ता भएको प्रमाणको प्रतिलिपि
४. अन्य प्रमाणित प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता, अनुभव, घरजग्गा भाडा सम्झौतापत्र आदी ) को प्रतिलिपिहरु
५. वैदेशिक रोजगारबाट फर्केका युवाहरुको हकमा पासपोर्टको प्रतिलिपि
६. कार्यक्रम कार्यन्वयन गर्ने प्रतिवद्धता ।
७, सम्वन्धीत वडाको सिफारिस

**( ख ) क,१ अनुसारको संक्षिप्त व्यावसायिक कार्ययोजनाको नमुना तपशिल बमोजिम निर्धारण गर्ने :**

१,गर्न चाहेको पेशा व्यवसायको नाम : ठेगना :

२, पेशा/व्यवसाय गरिने वडा, टोल तथा स्थान :

३, सञ्चालीत व्यवसाय तथा अव सञ्चालन हुने पेशा/व्यवसायको विवरण :

| क.स. | संचालन गरिने क्रियाकलाप | अपेक्षित अनुदान सहयोग (रु.) | निजि लगानी (रु.) | जम्मा लगानी (रु.) |
|---|---|---|---|---|
| | | | | |

४. व्यवसाय विगत कति वर्षदेखि निरन्तर गरिरहेको हो : वर्ष ................... महिना ...................

५,. पेशा/व्यवासयाको किसिम :

६,. पेशा/व्यवसायको कुल लागत :

७,. पेशा/व्यवसायवाट लाभान्वित परिवार संख्या :

८, पेशा/व्यवसाय गरेको जग्गा को लालपुर्जा सहित कुल क्षेत्रफल :

९. पेशा/व्यवसायका प्रयोग हुने प्रविधि :

१०,. पेशा/व्यवसायको लागि श्रमको व्यवस्थान :

क. पारिवारिक : महिला संख्या : ................., पुरुष संख्या : ..............

ख. वाहिरवाट : महिला संख्या : ................., पुरुष संख्या : ..............

११,. उत्पादित वस्तुको वजार, : अपेक्षित वार्षिक प्रतिफल : तथा आय रोजगारी :

**( ग ) लाभग्राही छनौट तथा मुल्याङ्कनका आधार तथा मापदण्डहरु कुल अङ्क १०० को विषयगत वर्गिकरण तपशिल बमोजिम स्वीकृत गर्ने ।**

| प्रस्तावीत व्यवसायीक कार्ययोजना, अङ्क | पेशा व्यवसायको अवस्था/ सम्भाव्यता/ उपयुक्तता, अङ्क | अनुभव/सिप तथा तालिम/ रुची तथा क्षमता, अङ्क | गरिब,/ विपन्न,/ वैदेशीक रोजगार वाट फर्केको व्यक्ती, अङ्क | वर्तमानमा रहेको व्यवसायीक पुर्वाधार सरचना, अङ्क | यस अगाडी कुनै पनी अवसर तथा व्यवसायीक सुविधा नलिएको, अङ्क | दिगो रुपमा व्यवसाय तथा रोजगार गर्ने सम्भावना रहेको गा पा ले उपयुक्त ठानेको, अङ्क |
|---|---|---|---|---|---|---|
| ३० | २० | १० | १० | १० | १० | १० |

**(घ)** क र ख तथा ठुला तथा मझौला व्यवसायी छनौट हुन नसकेमा वा आवेदन नपरेमा ग र घ अर्न्तगत कार्यकममा थप गरी कायन्वियन गर्ने ।

**निर्णय न. १७१/२०८१।०८२– ०२,**

दोश्रो पटक ठेक्का सुचना प्रकाशन गर्दा जम्मा १ वटा घाटको मात्र ठेक्का लागेको हुदा वाकी तपशिल वमोजिमका १० वटा घाटहरुको गण्डकी प्रदेशको आर्थिक ऐन अनुसार १९ प्रतिसत लागत मुल्यमा घटाई पुन तेश्रो पटक ठेक्का सूचना प्रकाशन भएको हुदा सो लाई अनुमोदन गर्ने साथै तेश्रो पटक सूचना प्रकाशन गर्दा पनी ठेक्का नलागेका घाटको हकमा ७ दिने डाक वढावढ सूचना प्रकाशन वाट विकी गर्ने । सो प्रश्चात पनी विकी हुन नसकी वाकी रहेका घाटहरुको हकमा अमानतको माध्यम वाट विकीको लागी सूचना प्रकाशन गरी विकी वाट वढी भन्दा वढी राजश्व संकलन गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

## तपशिल सूचना

(तेस्रो पटक प्रकाशित मितिः २०८१/१०/२३)

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ६२क. र यस म्याग्दे गाउँपालिका, गाउँ कार्यपालिकाको निर्णय बमोजिम तपशिलमा उल्लेखित नदि किनारका स्वीकृत घाटहरुबाट जे जस्तो अवस्थामा छन सोहि अवस्थामा निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन गरि नियमानूसारको दररेटमा बिक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकाले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्र, ठेक्का प्रकियामा भाग लिन अयोग्य नभएको स्वघोषणा र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

<u>तपशिल</u>

| सि.नं | सूचना नं./बोलपत्र न. | बोलपत्रको नाम | उत्खनन परिणाम (घन मिटर) | न्युनतम बोलपत्र रकम (कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर(रु.) |
|---|---|---|---|---|---|---|
| १ | MRM-०८-२०८१/०८२ | फुलवारी थाइदी घाट, म्याग्दे-५ | ६२५४.०० | रु.१६,१०४०५.०(सोह्र लाख दस हजार चार सय पाँच रुपैया मात्र) | कवोल अङ्कको ५ प्रतिशत | रु. ३०००.०० (तीन हजार रुपैया मात्र) |
| २ | MRM-०९-२०८१/०८२ | मजुवाटार घाट, म्याग्दे-५ | २२०९.०० | रु. ५६८८१७.५(पाँच लाख अटसट्ठी हजार आठ सय सत्र रुपैया पचास पैसा मात्र) | कवोल अङ्कको ५ प्रतिशत | रु. ३०००.०० (तीन हजार रुपैया मात्र) |
| ३ | MRM-१०-२०८१/०८२ | झकास फुलवारी माथिल्लो घाट, म्याग्दे-५ | ७५८७.०० | रु. १९५३६५२.५ (उन्नाईस लाख त्रिपन्न हजार छ सय बाउन्न रुपैया पचास पैसा मात्र) | कवोल अङ्कको ५ प्रतिशत | रु. ३०००.०० (तीन हजार रुपैया मात्र) |
| ४ | MRM-१३-२०८१/०८२ | चोकेटार माथिल्लो घाट, म्याग्दे-४ | २६२४.०० | रु.६७५६८०.० (छ लाख पचहत्तर हजार छ सय असि रुपैया मात्र) | कवोल अङ्कको ५ प्रतिशत | रु. ३०००.०० (तीन हजार रुपैया मात्र) |
| ५ | MRM-१५-२०८१/०८२ | कुडुले घाट, म्याग्दे-४ | २३०५७.०० | रु.५९३७१७७.५ (उन्नानसाठी लाख सैतिस हजार एक सय सतहत्तर रुपैया पचास पैसा मात्र) | कवोल अङ्कको ५ प्रतिशत | रु. ३०००.०० (तीन हजार रुपैया मात्र) |
| ६ | MRM-१८-२०८१/०८२ | जिमकोट घाट, म्याग्दे-४ | ६९५९ | रु.१७९१९४२.५(सत्र लाख एकानब्बे हजार नौ सय बयालिस रुपैया पचास पैसा मात्र) | कवोल अङ्कको ५ प्रतिशत | रु. ३०००.०० (तीन हजार रुपैया मात्र) |
| ७ | MRM-१९-२०८१/०८२ | भड्गालो घाट म्याग्दे-२ | ५२०४ | रु.१३४००३०.०(तेह्र लाख चालिस हजार तिस रुपैया मात्र) | कवोल अङ्कको ५ प्रतिशत | रु. ३०००.०० (तीन हजार रुपैया मात्र) |
| ८ | MRM-२०-२०८१/०८२ | जिमकोट तल्लो घाट, म्याग्दे-४ | ४९९४ | रु.१२८५९५५.० (बाह्र लाख पचासी हजार नौ सय | कवोल अङ्कको ५ प्रतिशत | रु. ३०००.०० (तीन हजार रुपैया |

Scanned with CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | पचपन्न रुपैया मात्र) | | मात्र) |
| ९ | MRM-२१-२०८१/०८२ | घुमाउने घाट, म्याग्दे-४ | १२८१९ | रु. ३३००८९२.५(तेत्तिस लाख आठ सय बयानब्बे रुपैया पचास पैसा मात्र) | कबोल अङ्को ५ प्रतिशत | रु. ३०००.०० (तीन हजार रुपैया मात्र) |
| १० | MRM-२२-२०८१/०८२ | झिरलौदी घाट, म्याग्दे-३ | ८०९३ | रु.२०८३९४७.५ (बिस लाख त्रिहासी हजार नौ सय सन्चालिस रुपैया पचास पैसा मात्र) | कबोल अङ्को ५ प्रतिशत | रु. ३०००.०० (तीन हजार रुपैया मात्र) |

**निर्णय न. १७१/२०८१०८२– ०३,**

मुख्यमन्त्री नवप्रवर्तन कार्यक्रम अन्तंगत स्वीकृत वजेटको परिधि भित्र रही ल्याण्डफिल्ड साइट सञ्चालन सम्वन्धमा तपशिल वमोजिमका कर्मचारीहरु २०८२ असार मसान्त सम्म रहने गरी करार पदपुर्ति गर्ने गरि यस अगाडी सूचना प्रकाशन सगै आवेदन नपरेका तथा न्युन आवेदन परेका तपशिल वमोजिमका ३ वटा विज्ञापन सूचना लाई पुन दोश्रो पटक सूचना प्रकाशन गरिएको हुदा अनुमोदन गर्ने साथै दोश्रो पटकको सूचना अवधीमा समेत निवेदन दर्ता नभएको माली, फोहोर वर्गिकरण, र सपोर्ट स्टाफको हकमा पुन ७ दिने अन्तिम तथा तेश्रो सूचना प्रकाशन गर्ने र तेश्रो पटकको सूचना, वमोजिम जे जती पदमा जे जती आवेदन पर्छन सोही वमोजिम आवेदकको पद अनुसार कमश कृषि प्राविधिकको हकमा लिखति, फायल अध्यन, अर्न्तवर्ता / सपोर्ट स्टाफको हकमा लिखित र अर्न्तवार्ता/ माली , फोहोर वर्गिकरण र गणकको हकमा अर्न्तवार्ता को माध्यम वाट जनशक्ती छनौटको लागी करार पदपुर्ति समिति लाई निर्देशन गर्ने साथै माली र फोहोर वर्गिकरण तर्फ जुनसुकै पदमा जे जती आवेदन पर्छन सोही वमोजिम अर्न्तवार्ता लिई सफल तथा वैकल्पीकमा रहेका समेत लाई फोहोर वर्गिकरण मा २ जना र मालीमा १ जना करार नियुक्ती दिई तत्कालै ल्याण्डफिल्ड साईडको फोहोर व्यवस्थापनमा जनशक्ती परिचालन गर्ने निर्णय गरियो ।

**तपशिल**

**(दोश्रो पटक सूचना प्रकाशित मिति :- २०८१/१०/२७ गते आईतवार)**

Scanned with CamScanner

यस गाउँपालिकाको लागि निम्न वमोजिमका पदहरुमा खुला प्रतियोगिताको माध्यमबाट आर्थिक वर्ष २०८१।०८२ मा वढीमा ५ महीनाको लागी सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले ( कार्यपालिका र पदपुर्ति समितिको निर्णय अनुसार ) म्याग्दे गाउँपालिकाको करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्वन्धी कार्यविधि २०७५ को (दोश्रो शंशोधन ) अनुसार तपशिलका पदहरुमा करार पदपुर्ति गर्नेगरी तपशिल बमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकवाट दरखास्त पेश गर्नका लागी पुन दोश्रो पटक रितपुर्वकको ७ दिने ( २०८१।११।०४) भित्र कार्यालय समय) आव्हान गरिन्छ

| .विज्ञापन न. | करार हुने पद र तह | माग सख्या | लिखित/अर्न्तवार्ता अङ्क | लिखित तथा अर्न्तवार्ता मिति समय र स्थान |
|---|---|---|---|---|
| ०७/०८१ ०८२ | सपोर्ट स्टाफ | १(एक) | ५० २० अङ्क | लिखित र अर्न्तवार्ताको लागी गाउँपालिकाको वेभसाईट सुचना मार्फत पछी जानकारी गराईने । |
| ०८/०८१ ०८२ | माली | २(दुई) | २० अङ्क | अर्न्तवार्ताको लागी गाउँपालिकाको वेभसाईट सुचना मार्फत पछी जानकारी गराईने । |
| ०९/०८१ ०८२ | फोहोर वर्गिकरण व्यक्ती | २(दुई) | २० अङ्क | अर्न्तवार्ताको लागी गाउँपालिकाको वेभसाईट सुचना मार्फत पछी जानकारी गराईने । |
| | जम्मा | ५ जना | | |

**निर्णय न.१७१/२०८१।०८२– ०४,**

यही मिति २०८१।११।१५ गते मगर दिवश को दिन स्थानीय विदा दिने निर्णय गरियो ।

**निर्णय न. १७१/२०८१।०८२– ०५,**

मिति २०८१।११।०४ मा वसेको स्थानीय राजश्व परामर्श समितिको वैठकका निर्णयहरु जानकारी भयो । राजश्व परामर्श समितिका सवै निर्णय तथा सिफारिस वमोजिमका विपयहरु कार्यन्वियन गर्ने निर्णय गरियो ।

**निर्णय न. १७१/२०८१।०८२– ०६,**

सम्मानित अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०८१।१०।०७ देखी २०८१।११।०४ सम्म जारी भएका विभिन्न परिपत्र तथा सुझाव कार्यन्वयन निर्देशन र संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको विभिन्न परिपत्र तथा सुझाव कार्यान्वयन निर्देशन अनुसार को व्यहोरा अवगत भयो । दुवै निकायको पत्र अनुसार गाउँपालिका र विषयगत शाखा, समिति र वडा कार्यालय वाट सोही निर्देशन अनुसार काम कारवाही सम्पादन गर्नको लागी निर्देशन तथा जानकारी गराउने निर्णय गरियो ।

**निर्णय न. १७१/२०८१।०८२– ०७,**

निजी जग्गा उत्खनन् व्यवस्थापन अर्न्तगत प्राप्ति भएका निवेदन आई ई ई प्रतिवेदन समेत र अमिन वाट फिल्ड अध्यन पश्चात पेश भएको प्रतिवेदन समेतको आधारमा तपशिल वमोजिम नया अनुमती दिने निर्णय गरियो ।

**तपशिल**

**(क)** निजी जग्गा उत्खनन् व्यवस्थापन अर्न्तगत वडा न. २ निवासी श्री सन्त माया कायस्थ र कमल कायस्थ ले वडा मार्फत च.न. ८७५ मिति २०८१।१०।०६ को पत्र सगै संयुक्त निवेदन दिए अनुसार निजहरुको नाममा रहेको यस म्याग्दे गा.पा. (साविक जामुने गा.पा.) कि.न.१७१७ क्षेत्रफल ७–५–१–१को जग्गा सम्याउने सम्वन्धमा आई ई ई गर्ने गरी पेश भएको टि.ओ.आर.मिति २०८१।१०।०७ को वैठक वाट स्वीकृत भई आजको वैठकमा पेश भएको आई ई ई प्रतिवेदन छलफल सगै स्वीकृत गरी आई ई ई र सम्वन्धीत वडा प्राविधिक ले दिएको प्रतिवेदन तथा वडाको सिफारिस समेतको आधारमा जग्गा सम्याउन तथा माटो विकीको लागी अनुमती दिने ।

**तपशिल**

| सि.न | विवरण | घन मिटर | रकम रु कर सहित |
|---|---|---|---|
| ०१ | आई ई ई अनुसार को उत्खनन् परिमाण | १८८०।२१ | २,६६,९९०।० |
| | जम्मा | | २,६६,९९०।० |

**निर्णय न. १७१/२०८१।०८२– ०८,**

सुर्य नेपाल वाट प्राप्त हुने कृर्षि एम्वुलेन्स र हाल रहेको १ थान एम्वुलेन्स समेत गरी दुई थान सवारी साधन लाई नगर प्रहरी शिव वि.क. लाई परिचालन गरी दैनिक प्रयोगमा ल्याउने साथै गा.पा. वाट खरिद गरेको एम्वुलेन्स लाई विगतको निर्णय अनुसार सव वाहनको रुपमा मोडुलेसन तथा फिटिङ्ग गरी परिचालन गर्ने निर्णय गरियो ।

**निर्णय न. १७०/२०८१।०८२– ०९,**

Scanned with CamScanner

खानी तथा भुगर्भ विभाग कपूरधारामार्ग लैनचौर काठमाण्डौ को पत्र सख्या ०८१।०८२-१३३६, च.न. २२७८ मिति २०८१।१०।२८ को ग्राभेल उत्खनन् अनुमतिको प्राविधिक सहमती सम्वन्धी पत्र प्राप्त भई तपशिल बमोजिमका २२ वटा वुदाहरु अवगत भयो ।

**तपशिल ब्यहोरा तथा २२ वटा शर्तहरु**

१, स्विकृत क्वारी क्षेत्र २.७२७ हेक्टरमा मात्र उत्खनन् कार्य गर्नुपर्नेछ । ग्राविल दैनिक उत्पादन जम्मा ३४० घन मिटर र बालुवा दैनिक उत्पादन जम्मा १४० घन मिटर भन्दा वढी नगर्ने । सो भन्दा वढी गर्नुपरेमा गाउँपालिका तथा विभाग वाट सहमती लिनुपर्ने । माइनिङ्ग स्किम अनुसार खानी अवधी ७ वर्ष रहेको हुदा सो अवधी पश्चात उत्खनन् कार्य गर्नुपरेमा म्याग्दे गाउँपालिका तथा आवश्यक्ता अनुसार विभागको सहमती लिनुपर्नेछ ।

२, प्रस्तावीत Quarry area को छेउछाउमा रहेका घरवस्ती लाइ असर नपुग्नेगरी खनिज कार्य गर्ने । साथै छेउछाउको वातावरण लाई समेत असर नपर्ने गरी उत्खनन् कार्य गर्ने ।

३,ग्रावेल र वालुवा उत्खनन् कार्य गर्दा माइनिङ्ग यिस्कममा उल्लेख गरीएको जस्तै वेञ्चिङ्ग पद्धति अपनाई प्राविधिकको रेखदेखमा गरिनु पर्ने ।

४,स्विकृत क्यारी क्षेत्र भित्रको मन्जुरीनामा प्राप्त जग्गामा मात्र उत्खनन् कार्य गर्ने । ग्राभेल र वालुवा उत्खनन् गर्दा साँध जोडिएका निजी जग्गामा असर नपर्ने गरी उत्खनन् कार्य गर्ने ।

५, क्वारी क्षेत्र वरीपरी खेतीयोग्य जमीनमा खानी क्षेत्रको वरिपरी रहेका खोल्सीहरुमा Erosion हुन नदिन ध्यान पुर्‍याउनुपर्ने ।

६, खानी तथा खनिज पदार्थ ऐन २०४२, तथा ऐ.ऐ. ऐनको नियमावली २०५६(शंशोधन सहित) वमोजिम साधरण निर्माणमुखी खनिजको हकमा ऐ.ऐ. ऐनको नियमावलीको नियम ३६ वमोजिम विभागीय सहमति प्राप्त भए पश्चात यस कार्यालय वाट सोही नियमावलीको अनुसुचि १३ अनुसारको ढाँचामा अनुमतीपत्र जारी गर्दा अनुसुचि ४ मा तोकीए वमोजिमको अनुमती पत्र वापतको दस्तुर , भुवाहाल वापतको दस्तुर तथा धरौटी रकम दाखीला गर्न लगाई अनुमती पत्र जारी गर्ने ।

७, विभागवाट सहमती प्राप्त उत्खनन् क्षेत्रको विभागीय ढाँचा अनुसार ( ५ फिटको ढलान पिलर एंव तारवार सहितको ) गराई सो को प्रतिवेदन प्राप्त गरी सिमाङ्कन ठिक भए नभएको एकिन गरेर मात्र उत्खनन् कार्य सञ्चालन गर्न अनुमती दिनुपर्नेछ ।

८, उत्खनित् खनिजको खानी तथा खनिज ऐन, २०४२ र सो को नियमावली २०५६, (संशोधन सहित) मा तोकीय वमोजिमको रोयल्टी रकम तोकीए वमोजिमको अवधिमा सम्वन्धित स्थानीय तह ( न.पा., गा.पा.) मा नियमित रुपमा दाखिला गर्नुपर्ने त्यसको रेकर्ड नियमित रुपमा राख्नुपर्ने । खानीमा सकभर स्थानीय जनशक्तीको प्रयोग गर्नुपर्ने ।

९, अनुमती जारी भए पश्चात प्रत्येक आ.व.मा खानी तथा खनिज पदार्थ नियमावली २०५६( शंशोधन सहित) मा तोकीए वमोजिमको नविकरण दस्तुर तथा भुवहाल दस्तुर सम्वन्धित स्थानीय तह (न.पा. गा.पा.) मा दाखिला गराई अनुमती पत्र प्रापक सग सम्वन्धित कागजात अध्यन गरि प्रत्येक आ.व.मा अनुमती पत्र नविकरण गर्नुपर्ने ।

Scanned with CamScanner

१०, खानी सञ्चालन वाट हुने गोय खोला र म्याग्दे खोलाको समस्या समाधानका लागी उक्त खोला किनारमा ग्यावीन वाल निर्माण गर्नुपर्ने । खानी वाट उत्सर्जन हुने पानीलाई सोझै खोलामा मिसिन नदिन siltion pond को निर्माण गर्नुपर्ने ।

११, टप स्वाईल वेष्टलाई डम्पयार्डमा राख्ने, माईन्स वेष्टलाई वैकल्पीक प्रयोगमा ल्याइ वेष्टको परिमाण घटाउन प्रयास गर्नुपर्ने ।

१२, क्वारी क्षेत्रमा रहेको ओभरवर्डन/ वेष्टको उचित व्यवस्थापन गरेर मात्र ग्राभेल र वालुवा उत्खनन् शुरु गर्नुपर्ने ।

१३, खानीवाट ग्राभेल र वालुवा निकाल्दा खानीद्वारमा परिमाण एकिन गरेर मात्र निकासीहुने गरि उत्पादन तथा ढुवानीको रेकर्ड राख्ने उक्त रेकर्डलाइ नियमीत रुपमा म्याग्दे गाउँपालिकामा वुझाउने ।

१४, ग्राभेल र वालुवा उत्खनन् गर्दा सकेसम्म वढी रिकभरी हुनेगरी कार्य गर्ने । माईनिङ्ग, लस घटाउन प्रयास गर्नुपर्ने ।

१५, वार्षिक रुपमा खानी क्षेत्रको वातावरणीय अडिट प्रतिवेदन तयार गरी म्याग्दे गाउँपालिकामा पेश गर्नुपर्ने । वातावरणीय असर लाई न्युनीकरण गर्ने उपायहरु अवलम्वन गर्ने ।

१६, प्रस्तावीत खानीक्षेत्रमा खनिज कार्य सम्पन्न भएपश्चात स्विकृत माइनिङ्ग स्किम र IEE को प्रावधान एंव विद्यमान ऐन नियम वमोजिम पुनर्स्थापन गर्नुपर्ने ।

१७, खानी सञ्चालक ले आफ्नो खानीको मुलद्वारमा खानी सम्वन्धी विवरणहरु खुल्ने वोर्ड राख्ने र खानी कार्यालयमा स्विकृत माइनिङ्ग स्कीम IEE प्रतिवेदन, नक्शाहरु, उत्खनन् अनुमतीपत्र आदी १/१ प्रति राख्ने र सो अनुसार उत्खनन् कार्य गर्ने ।

१८, प्रा.लि. वाट पेश भई स्विकृत भएको वातावरणीय अध्यन प्रतिवेदनमा विद्यमान सम्वद्ध ऐन, कानुन ले निर्द्धिष्ट गरेको कानुनी व्यवस्थाको पालना नभएको वा कानुनी व्यवस्थाको प्रतिकुल हुनेगरि वातावरणीय अध्यन प्रतिवेदन पेश भएको भन्ने पाईएमा तथा प्रतिवेदनमा औल्याइएका प्रतिवेदनहरु एंव स्वघोषणा समेतका विषय प्रा.लि. वाट अवलम्वन भएको भन्ने नपाईएमा सम्वन्धीत स्थानीय निकाय ले जुनसुकै समयमा कानुन वमोजिम कारवाही गर्न सक्नेछ ।

१९, ग्राभेल र वालुवा उत्खनन् कार्य गर्दा छेउछाउको वातावरण लाई असर नपर्ने गरी गर्ने ।

२०, क्वारी क्षेत्रमा रहेको Top soil waste को उचीत व्यवस्थापन गरेर मात्र ग्राभेल र वालुवा उत्खनन् सुरु गर्ने ।

२१, Top soil waste लाई डम्पयार्डमा राख्ने । माईन्स वेष्टलाई वैकल्पीक प्रयोगमा ल्याई वेष्टको परिमाण घटाउने प्रयास गर्ने ।

२२, प्रचलीत कानुन तथा मापदण्डहरुको पालना गर्ने गराउने । प्रचलित कानुन विभागीय निर्देशन प्रतिकुल हुने कार्य नगर्ने । खानी तथा खनिज पदार्थ ऐन २०४२ र नियमावली २०५६. (संशोधन सहित ) र अन्य प्रचलित नेपाल कानुन ले तोकेको शर्त वन्देजको अधिनमा रहि उत्खनन् कार्य गर्ने ।

**निश्कर्ष तथा निर्णय तर्फ :–**विभागको उल्लेखीत पत्रको वुदा न. ७ मा उल्लेख भय अनुसार सहमती प्राप्त गर्ने उत्खनन् क्षेत्रको विभागीय ढांचा अनुसार सिमाङ्कन ( ५ फिटको ढलान पिलर एवं तारवार सहितको ) गराई सो को प्रतिवेदन प्राप्त भए सगै सिमाङ्कन ठिक भय नभएको एकिन गरेर मात्र उत्खनन् कार्य सञ्चालन गर्ने अनुमती दिने भन्ने व्यवस्था भए वमोजिम पहिलो चरणमा उक्त कार्य

Scanned with CamScanner

सम्पन्न गरी प्राविधिक प्रतिवेदन पेश गर्नको लागी श्री Dhor Barahi Mines and Crusher Udyog Pvt.Ltd म्याग्दे ५ दुलपुरेटार तनहुँ लाई पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय न. १७१/२०८११०८२– १०,**
तपशिल बमोजिमका २ वटा कार्यविधि स्वीकृत गर्ने निर्णय गरियो ।

**तपशिल**

१ म्याग्दे गाउँपालिकाको सार्वजनीक जवाफदेहीता प्रवंद्धन सम्वन्धी कार्यविधि २०८१

२, म्याग्दे गाँउपालिकाको हलगोरु पोषण अनुदान कार्यक्रम सञ्चालन कार्यविधि २०८१

**निर्णय न. १७१/२०८११०८२– ११**

कार्यालय वाट आन्तरिक राजश्व संकलन, तथा पुर्वाधार निर्माण सम्वन्धमा यस अगाडी प्रकाशित भएका तपशिल बमोजिमका ठेक्का सूचना अनुमोदन गर्ने निर्णय गरियो ।

**तपशिल**

## १, नदीजन्य पदार्थको बिक्रीका लागि विद्युतीय माध्यमवाट बोलपत्र आव्हान सम्बन्धी सूचना

(दोस्रो पटक प्रकाशित मितिः २०८१/१०/३०)

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ६२क. र यस म्याग्दे गाउँपालिका, गाउँ कार्यपालिकाको निर्णय बमोजिम तपशिलमा उल्लेखित नदि किनारका स्वीकृत घाटहरुबाट जे जस्तो अवस्थामा छन सोहि अवस्थामा निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन गरि नियमानूसारको दररेटमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्र, ठेक्का प्रक्रियामा भाग लिन अयोग्य नभएको स्वघोषणा र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपशिल**

| सि.नं | सूचना नं./बोलपत्र न. | बोलपत्रको नाम | उत्खनन परिणाम (घन मिटर) | न्युनतम बोलपत्र रकम (कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर(रु.) |
|---|---|---|---|---|---|---|